**कोराना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७६ वैशाख ५ गते**
विश्वमा फैलिएको कोरोना भाइरस सङ्क्रमणका कारणा किसानहरूले उत्पादन गरेका कृषिजन्य बस्तु ढुवानीमा समस्या देखिएपछि प्रदेश ५ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रायले कृषि एम्बुलेन्स सञ्चालन गर्ने निर्णय गरेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार विश्वमा फैलिएको कोरोना भाइरस सङ्क्रमणका कारणा किसानहरूले उत्पादन गरेका कृषिजन्य बस्तु ढुवानीमा समस्या देखिएपछि प्रदेश ५ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रायले कृषि एम्बुलेन्स सञ्चालन गर्ने भएको छ।

मन्त्रालयले वैशाख ५ गते अनलाइन पत्रकार सम्मेलन गरी कृषि तथा पशुजन्य खाद्य बस्तुको आपूर्ति तथा बिक्री वितरणको लागि कृषि एम्बुलेन्स सञ्चालन गर्ने जनाएको छ।

प्रदेश ५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता तथा योजना तथा अनुगमन महाशाखा प्रमुख विनोद घिमिरेले उत्पादक किसान, सहकारी संस्था तथा व्यवसायीहरूलाई सहुलियत दरमा तरकारी, फलफुल, दुध माछा, मासु तथा अन्य उपभोग्य सामग्रीको उपलब्धतालाई सहज बनाउनको लागि मन्त्रालयले अनुदानमा उपलब्ध गराएका ३४ वटा र थप मन्त्रालयका सरकारी १० वटा गरी कुल ४४ वटा पिक अप भ्यान लाई 'कृषि एम्बुलेन्सको' रुपमा परिचालन गर्न लागिएको बताउनु भयो ।

यसरी व्यवस्थापन गरिएका सवारी साधनको न्युनतम भाडा कृषि उद्यमी तथा कृषि सहकारीहरूले नै व्यहोर्ने छन् । आवश्यक इन्धन कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्रले व्यहोर्ने छन् । ज्ञान केन्द्र र पशुसेवा विज्ञ केन्द्रले आर्थिक रुपमा व्यहोर्न नसकेमा थप बजेट मन्त्रायले उपलब्ध गराउने छ।

मन्त्रालयका सचिव तेजबहादुर सुवेदीले कोरोना भाइरसको सङ्क्रमणको रोकथाम र नियन्त्रणसँगै अत्यावश्यक कृषि तथा पशुजन्य खाद्य वस्तुको आपुर्ति तथा वितरण र उत्पादन सामाग्रीहरूको शुलभ आपुर्तिको सुनिश्चितता गर्न र विशेषगरी साना किसानहरूमा पर्न जाने जोखिमलाई कम गर्न कृषि ज्ञान केन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अगुवाइमा ढुवानी र वितरणको ब्यवस्था गर्न समेत आग्रह गर्नुभएको छ।

मन्त्रालयले आवश्यक समन्वयका लागि उपसचिब सुरेशचन्द्र आचार्य र मातहत जिल्ला कार्यालयहरूमा एक एक जना सम्पर्क अधिकृत तोक्ने व्यवस्था मिलाइएको प्रवक्ता घिमिरेले बताउनु भयो ।

मन्त्रालयले तयार गरेको ढुवानी साधन व्यवस्थापन प्रणाली मार्फत ढुवानी साधनहरूको परिचालनका लागि पास उपलब्ध गराउने र स्थानीय प्रशासन , सुरक्षा निकायसँग समन्वय गर्ने व्यवस्था मिलाउने उत्पादन स्थलबाट कृषकहरूले सोझै टोल टोलमा खुद्रा ब्यापारी र उपभोक्तासम्म पुऱ्याउने व्यवस्था मिलाउने भएको छ।

यस्तै मन्त्रालयले वर्तमानको कठिन परिस्थितिमा बाली लगाउनको लागि किसानहरुलाई बीउ मल तथा कीट नाषक औषधिहरू,चल्ला दाना तथा घाँस परालको आपुर्तिको ब्यवस्था मिलाउने र समयमै बाली थन्क्याउन र लगाउने कार्यमा सामाजिक दुरी कायम राखी समयमै गर्ने गराउने ब्यवस्थाको लागि आवश्यक समन्वय गर्ने लगायतका व्यवस्था गर्ने जनाइएको छ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्लामा लकडाउनको पूर्ण कार्यान्वयनँगै बजार अनुगमन थालिएको छ । जिल्ला प्रशासन कार्यालयले सदरमुकाम तम्घासमा मुख्य पसलहरुमा खाद्यान्यको गुणस्तर, मौज्दात, मुल्य वृद्धि लगायतको अवस्थाको बारेमा अनुगमन गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी लक्ष्मण पाण्डेयले बताउनु भयो ।

खाद्यान्न बिक्रीको नाममा मदिरा बिक्री वितरण गरेको, मुल्य वृद्धि गरेको लगायतको गुनासा नागरिक स्तरबाट आउन थालेकाले अनुगमन थालिएको बताउनु भयो । साथै स्थानीय तहहरूलाई पनि आफ्नो बजार क्षेत्रमा अनुगमन गर्न आग्रह गरिएको पाण्डेयले जानकारी दिनुभयो ।
इस्मा गाउँपालिकाले खाद्यान्नको पास बनाएर मदिरा बोक्ने दुई गाडीलाई नियन्त्रणमा लिएर कारवाही गरेको जनाएको छ । धुर्कोट, मालिका लगायतका स्थानीय तहले पनि अनुगमन थालेका छन् । गुल्मीमा लकडाउन उल्लङ्घन गर्ने ६२ सवारी साधन कारवाहीमा परेका छन् ।
जिल्लामा पनि विभिन्न स्थानमा स्वदेश र भारतका विभिन्न स्थानबाट नागरिक लुकेर पैदल आउनेक्रम रोकिएको छैन् । इस्मा गाउँपालिकाले नाकामा कडा चेकजाँच गरेका कारण अहिलेसम्म २४ जनालाई रोकेर क्वारेण्टाइनमा राखिएको उपप्रमुख बिमला खत्रीले जानकारी दिनु भयो । जिल्लामा १ सय १९ स्थानमा १ हजार ४० क्वारेण्टाइन बेड छन् । हाल विभिन्न क्वारेण्टाइनमा ३५ जना रहेका छन् ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार जिल्ला बाहिरबाट जिल्ला प्रवेश गर्ने ६ हजार ३ सय २२ जना पुगेका छन् । मज्दुरीको सिलसिलामा जिल्ला बाहिर गएका व्यक्तिहरूको सङ्ख्या बढेपछि उनीहरूलाई राख्न ३० स्थानमा  ७ सय १२ ओटा बेड तयारी अवस्थामा राखिको छ । जिल्लाका विभिन्न क्वारेण्टाइनमा वैशाख ५ गतेसम्म ४ सय ७ जना रहेका छन् ।
दुई हप्ता क्वारेण्टाइनमा बसेका मध्येबाट  हालसम्म ३ सय ४६ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ देखिएको छ । १७ जनाको स्वाव परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएपछि सबैलाई होम क्वारेण्टाइनमा पठाइएको छ । हालसम्म जिल्लामा ९ हजार ४ सय ५० जनालाई राहत वितरण गरिएको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार सरकारले अत्यावश्यक सामानका सवारी साधन बाहेक अन्यलाई रोक लागाएको भएपनि नवलपरासीका विभिन्न उद्योग, कलकारखाना र राजमार्ग हुदैं चल्ने सवारी साधनमा वृद्धि भएपछि  स्थानीयमा त्रास बढेको छ ।
उद्योग कलकारखानाका लागि कच्चा पदार्थ बोकेर आएका सवारी साधनका भारतीय चालकहरू बाहिर निस्केर हिडँडुल गर्न थालेपछि स्थानीयमा त्रास बढेको हो । त्यस्ता सवारी साधनलाई प्रहरीले रोक्न खोजेपछि ट्रक चालक र प्रहरीवीच  झडप भएको छ ।
यसैगरी  भारतका विभिन्न स्थान र वैदेशिक रोजगारीबाट फर्किएर जिल्लाका क्वारेण्टाइनमा बसेकाहरू तोकिएको समय सीमा सक्काएर घर फर्किनेको क्रम बढेको छ । हालसम्म जिल्लाका क्वारेण्टाइनमा रहेका  १ सय ७५ जना मध्ये  ८८ जना  घर फर्किएका छन् ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती अचार्य**का अनुसार ९ सय २२ जना क्वारेण्टाइनमा रहेकोमा ७ सय ५४ जना व्यक्तिलाई घर पठाइएको छ ।  वेशाख ५ गते सम्म ६ सय ३१ जनाको आरडीटी परीक्षण पछि  घर फर्किएका छन् ।
यसैगरी १४ दिन सम्म क्वारेण्टाइनमा रहेकालाई  बिस्तारै घर पठाउने क्रम बढेकोले क्वारेण्टाइनमा बस्नेको सङ्ख्यामा  कमी हुँदै गएको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो ।
भारतको बढनीको क्वारेण्टायनमा रहेका १६ जना नेपालीहरूलाई गृह मन्त्रालयको अर्को निर्णय नहुञ्जेल सम्म नेपाल  नल्याउने निर्देशन भएको प्रजिअ  पौडेलले बताउनु भयो ।

जिल्लाका १० स्थानीय तहहरूले स्थापना गरेको बिपद् व्यवस्थापन राहत कोषमा ५ करोड ७५ लाख रुपियाँ जम्मा भएको छ भने १२ हजार भन्दा बढी असङ्गठित क्षेत्रका मजदुर, गरिब र बिपन्न परिवारलाई राहत वितरण गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लकडाउनका क्रममा दाङको लमही बजारमा खाद्य वस्तुको मूल्य वृद्धि गरेको पाइएको छ । मूल्य वृद्धि भएको गुनासो आएपछि लमही नगरपालिका, चेम्वर अफ कमर्श, देउखुरी उद्योग वाणिज्य सङ्घ र प्रहरीको संयुक्त टोलीले गरेको अनुगमनमा खाद्य वस्तुमा २० रुपियाँ सम्म वृद्धि गरेको पाइएपछि सचेत गराउनुको साथै मूल्य नबढाउन आग्रह गरिएको छ ।

यसैवीच दाङ अन्तर्गत पर्ने नेपाल-भारत सीमाका चैत ५ गते थप तीन नाकामा सशस्त्र प्रहरीका अस्थायी पोष्ट स्थापना गरिएको छ । डगमारा, खवरी र भैसाहीमा अस्थायी पोष्ट राखिएको प्रजिअ गोविन्दप्रसाद रिजालले जानकारी दिनुभयो । यससँगै  दाङ अन्तर्गत पर्ने नेपाल-भारत सीमामा दश वटा पोष्ट थप गरिएको छ ।

हालसम्म कोरोनाको सङ्क्रमणको आशङ्कामा ५८ जनाको स्वाव गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा हाल ५७ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार लकडाउनको अवस्थामा अस्पतालसम्म आएर भिडियो एक्सरे गर्नुपर्ने गर्भवती महिलाहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै माडी गाउँपालिकाको स्मृति हस्पीटलमा निशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्नुको साथै  जटिल समस्याका बच्चा जन्मन नसकेर बाहिर जानु पर्ने अवस्था आए एम्बुलेन्सको भाडा समेत व्यहोर्ने गाउँपालिकाले जनाएको छ ।

रुन्टिगढी गाउँपालिकाले वैशाख ५ गते दोस्रो चरणमा २ सय विपन्न परीवारलाई खाद्यान्न वितरण गरेको छ । जिल्ला अस्पताल, रेउघामा पाँच जनालाई  आइसोलेशनमा राखेको छ ।

इन्सेक बाँके जिल्ला जिल्ला प्रतिनिधि स्मृति देवकोटाका अनुसार भारतबाट अएका १ सय ८१ जनालाई १५ दिन क्वारेण्टाइनमा राखेर  आरडीटी परीक्षण गरी घर पठाउन तयारी गरिरहेका अवस्थामा गृह मन्त्रालयले घर नपठाउन निर्देशन भनेपछि आन्दोलित भएर नाराबाजी गर्नुको साथै गाडीमा समेत तोडफोडको प्रयास गरेका थिए  ।

यसैगरी भारतीय नकाबाट हुन सक्ने  अवैध प्रवेशलाई रोक्न खटिएको सशस्त्र प्रहरीको सहजताका लागि नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले टर्च र छाता, खानेपानी सहयोग गरेको छ ।

यसैगरी भारतको लखिमपुर घर भई  धादिङ जिल्लामा ईटाँ भट्टामा काम गर्दै आएका २९ जना बाल बालिका, १२ जना पुरुष ,११ जना महिला गरी  ५२ जना भारतीय नागरिकहरू धादिङ बाट सात दिन हिडेर  नेपालगञ्ज आइपुगेका छन् ।  जिल्ला प्रहरी कर्यालय बाँकेका डिएसपी शिवबहादुर सिंहले अलपत्र रहेका भारतीयहरूलाई कोहलपुर नपास्थित राम माविको क्वारेण्टाइनमा राखिने बबताउनु भयो ।

इन्सेक जिल्ला सहजकर्ता लक्ष्मी चौधरी राप्ती गाउँपालिका-४ मा गठित वडा स्तरीय स्वयमसेवक समुहको सदस्यमा मनोनित हुनु भएको छ । उहाँ गैससको तर्फबाट मनोनित हुनु भएको हो ।  यसैगरी वडा नम्बर ६ मा  मानवअधिकार समुहका संयोजक धनी वली सदस्यमा  मनोनित हुनु भएको छ ।

इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डेका अनुसार मल्लरानी गाउँपालिकाले क्वारेन्टाइन बेडको सङ्ख्या १० बाट बढाएर ७० बनाएको छ ।  गाउँपालिका भित्रने नयाँ व्यक्तिहरूलाई लक्षित गरी क्वारेण्टाइन बेड क्षमता विस्तार गरिएको गाउँपालिकाले जनाएको छ ।

झिमरुक गाउँपालिकामा प्रवेश गर्ने ठाँउ क्षेत्रमा हेल्थ डेक्स सञ्चालन गरेको छ । लकडाउनको समयमा मानिसहरु पैदल गन्तव्यमा पुग्न थालेपछि कोभिड १९ को सङ्क्रमण बाट जोगिन डेक्स सञ्चालन गरेको जनाएको छ ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार कोरोना आशङ्कामा एक जना सुत्केरीलाई वैशाख ३ गतेबाट युनाइटेड मिसन अस्पतालको आइसोलेशनमा राखेर उपचार भइरहेको छ । उनको स्वाब परीक्षणका लागि वैशाख ४ गते प्रदेश जनस्वास्थ्य प्रयोगशाला बुटवलमा पठाइएको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख बिश्वनाथ न्यौपानेले बताउनु भयो । उहाँ तीन महिना अघि युएईबाट घर फर्कनु भएको थियो । भने उनका सासु ससुरा पनि चैतको पहिलो हप्ता मुम्बईबाट घर फर्कनुभएको थियो ।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार वैशाख ५ गते २० जनामा आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । विदेशबाट आएका २० जनालाई जिल्ला अस्पतालका डाक्टर पूर्णबहादुर पुन मगरको नेतृत्वमा परीक्षण गरिएको हो । बिदेशबाट आएका ३६ जना मध्ये बाँकी १६ जनाको परीक्षण गर्न बाँकी रहेको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**